
# ई-बुलेटिन

१२ साउन २०७७|बर्ष १| अंक २

## जिल्ला संकट व्यवस्थापन केन्द्र (District Level Crisis Management Center), सप्तरीका पदाधिकारीहरु

| पद | नाम | कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|---|
| अध्यक्ष | z$/xl/ cfrfo{ | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | 9852857777 |
| सदस्य | निरज भण्डारी | प्रमुख सेनानी, नेपाली सेना भिमदल गण | ९८५२८२१७३१ |
| सदस्य | कृष्ण प्रसाई | प्रहरी उपरीक्षक, नेपाल प्रहरी | 9852855555 |
| सदस्य | राजु श्रेष्ठ | सशस्त्र प्रहरी उपरीक्षक स.प्र.बल नेपाल ६ नं. गण | ९८५११२५२९१ |
| सदस्य | तिलक शर्मा प्रसाई | उपअनुसन्धान निर्देशक राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय सप्तरी | 9852030860 |
| सदस्य | डा.रणजित सिंह | मे.सु. गजेन्द्र नारायण सिंह अस्पताल राजविराज | ९८५२८२११५५ |
| सदस्य | दुनिया लाल यादव | प्रमुख, स्वास्थ्य कार्यालय सप्तरी | 9852821606 |
| सदस्य | गंगाराम साह | नि.जि.स.अ., जिल्ला समन्वय समिति सप्तरी | 9842820474 |
| सदस्य सचिव | आनन्द कुमार ठाकुर | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय सप्तरी | 9852821577 |



## यस जिल्लामा कोभिड-१९ संक्रामक रोग रोकथाम र नियन्त्रणका लागि जिल्लामा सक्रिय संरचना/समितिहरु:

१. जिल्ला सुरक्षा समिति
२. जिल्ला विपद् व्यवस्थापन समिति
३. कमान्ड पोष्ट
४. जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र
५. क्वारेन्टाइन संचालन तथा व्यवस्थापन अनुगमन समिति
६. पालिका/वडा स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र
७. पालिका/वडा स्तरीय राहत वितरण समिति

## यस जिल्लामा कोभिड-१९ संक्रामक रोग रोकथाम र नियन्त्रणका लागि भइरहेका कार्यहरु:

## जिल्ला सुरक्षा समितिका महत्वपूर्ण निर्णयहरू

### मिति २०७७÷४÷१३ गतेको निर्णयहरु :-

**निर्णय नं. १**

जिल्लामा मास्क नलागाउने बिरुद्ध कारवाही सम्बन्धमा गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको पत्राअनुसार स्वास्थ्य सर्तकता सम्बन्धी तोकिए बमोजिम मापदण्ड पुरा/कार्यान्वयन नगर्ने नगराउने उपर कानून बमोजिम कारवाहीका लागि जि.प्र.का.ले नियम अनुसारको प्रक्रीया बढाउने र जिल्ला प्रशासन कार्यालयको समन्वयमा यस कार्यलाई थप सहजिकरण गर्दै लगिने निर्णय गरीयो ।

**निर्णय नं. २**

उल्लेखित पत्रको ब्यहोरा कार्यान्वयन गर्ने सन्दर्भमा सुरक्षा निकायहरुबाट जिल्ला प्रशासन कार्यालयको पत्रको आधारमा कार्यान्वयन भईरहेको भएता पनि सम्पुर्ण सुरक्षा निकायहरुले प्रभावकारी रुपमा समन्वय गर्दै आगामी दिनहरुमा समेत पत्रमा उल्लेख भए बमोजिम कानून बिपरीतका कार्यहरु हुन गर्न नदिई त्यस्ता कार्यमा सँग्लन उपर कानून बमोजिम कारवाही गर्ने ÷ गराउने निर्णय गरीयो ।

### मिति २०७७÷४÷१९ गतेको निर्णयहरु :-

**निर्णय नं. १**

जिल्ला संकट ब्यवस्थापन केन्द्रको निर्णयानुसार तिलाठी कोईलाडी गा.पा. द्बारा सो गाउँपालिकामा संचालन गर्न लागिएको आइसोलेशन केन्द्रलाई तोकिएको मापदण्ड बमोजिम नेपाली सेना, भिमदल गण, भलवाही ब्यारेकले आवश्यक सुरक्षा व्यवस्था मिलाउनुका साथै तोकीएको प्रोटोकल बमोजिम अन्य आवश्यक सहयोग समेत सेनाले उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. २**

कोभिड १९ संक्रमण रोकथाम एंव नियन्त्रणका लागि जिल्ला सुरक्षा समितिको मिति २०७७।४।७ को निर्णयानुसार हाल राजविराज न.पा. क्षेत्रमा निषेधाज्ञा लागु रहेको अवस्था छ । हाल जिल्लामा कोभिड १९

संक्रमितहरुको संख्या बढ्दै गईरहेको अवस्था छ, जिल्लाका विभिन्न पालिकाहरले आ-आफनो क्षेत्रमा हाट बजार र कार्यालय बन्द गर्ने सूचना जारी गरेका छन । यिनै सन्दर्भहरुमा जिल्ला भरी निषेधाज्ञा जारी हुन अनुरोध भई आएकोले कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रणका लागि स्थानिय प्रशासन ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी सम्पुर्ण सप्तरी जिल्ला क्षेत्रलाई मिति २०७७/४/२० बिहान ५:०० बजेबाट मिति २०७७/०४/२६ गते साझ ५:०० बजे सम्मका लागि निषेधित क्षेत्र घोषणा गर्ने गरी निषेधाज्ञा जारी गर्ने निर्णय गरियो ।

## मिति २०७७/४/२५ गतेको निर्णयहरु :-

### निर्णय नं. १

यस जिल्लाका सम्पुर्ण पालिकाहरुका जनताहरुलाई सामाजिक दुरी कायम गर्ने मास्क लगाउने, सावुन पानीले मिचिमिचि हात धुने लगायतका स्वास्थ्य सतर्कता बमोजिम अन्य सतर्कता एवँ सजगता अपनाउन जनतालाई अभिप्रेरित गर्ने, अत्यावश्यक सेवाका पसल र ढुवानी कार्य गर्दा पनि संक्रमणबाट जोगिने गरी मात्र सम्पादन गर्ने गराउने जस्ता कार्यहरुमा सम्बन्धित पालिकाहरुलाई यथास्थानमा रहेका नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका सुरक्षाकर्मीहरुले आवश्यक सहयोग र सहजिकरण गर्ने निर्णय गरीयो ।

### निर्णय नं. २

राजविराज नगरपालिका लगायत जिल्लाका अन्य पालिकाहरुमा पनि कोभिड १९ को संक्रमण बढ्दो क्रममा रहेको देखिन्छ । यसबाट हालसम्म राजविराज न.पा. मा १ र रुपनि गा.पा. १ गरी जम्मा २ जनाको हालसम्म मृत्यू समेत भईसकेको छ । संक्रमति हुनेको सँख्या दिनदिनै बढ्दै गएकोले यसलाई न्यूनिकरण गर्न, संक्रमणको विस्तारलाई घटाउने उद्देश्यले मिति २०७७/४/२० देखि मिति २०७७/४/२६ सम्म जिल्लाभर निषेधाज्ञा जारी गरिएकोमा जिल्लाको वर्तमान अवस्थाको विश्लेषण गरी उक्त निषेधाज्ञालाई मिति २०७७/५/२ गते राति ११:०० बजेसम्म पूर्वत सप्तरी जिल्लाभर निरन्तरता दिने निर्णय गरीयो ।

### निर्णय नं. ३

अत्यावश्यक कामका लागि घर बाहिर निस्कने मानिसहरुले सामाजिक दुरी कायम नगरेको, मास्कको प्रयोग गरेको नपाईएमा संक्रमण रोग ऐन २०२० बमोजिम हुदै आईरहेको कारवाहीलाई थप प्रभावकारी बनाउने निर्णय गरीयो ।

## मिति २०७७/४/३० गतेको निर्णयहरु :-

### निर्णय नं. १

गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको मिति २०७७/४/२९ च.नं. ४०६ को सवारी पास वितरण सम्वन्धी पत्रका सन्दर्भमा सोहि बमोजिम ब्यवस्था गर्ने निर्णय गरीयो ।

### निर्णय न २

गृह मन्त्रालय ,शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको मिति २०७७/४/२८ च.नं. ३८१ को पत्र साथ उद्योग वाणिज्य तथा आपुर्ति मंन्त्रालयको च.नं. १९ मिति २०७७/४/२१ को पत्र सहित प्राप्त कोभिड-१९ माहामारीको समयमा उद्योग वाणिज्य तथा आपुर्ति क्षेत्रले अपनाउनु पर्ने सुरक्षा मापदण्ड कार्यान्वयन गर्न गराउनका


लागि जिल्ला स्थित सम्पूर्ण स्थानिय तहहरु र सप्तरी जिल्ला उद्योग वाणिज्य संघलाई अनुरोध गर्दै सम्वन्धित स्थानमा रहेका सुरक्षाकर्मिको यूनिटबाट सोको अनुगमनका लागि सुरक्षा निकायहरुले आवश्यक व्यवस्था मिलाउने निर्णय गरीयो ।

## मिति २०७७/५/२ गतेको निर्णयहरु :-

**निर्णय नं. १**

हाल यस जिल्लामा संक्रमित हुनेको सँख्या दिनदिनै बढ्दै गएकोले यसलाई न्यूनिकरण गर्न, संक्रमणको विस्तारलाई घटाउने उद्देश्यले मिति २०७७/४/२६ देखि मिति २०७७/५/२ सम्म जिल्लाभर निषेधाज्ञा जारी गरिएकोमा जिल्लाको वर्तमान अवस्थाको विश्लेषण गरी उक्त निषेधाज्ञालाई मिति २०७७/५/१५ गते राति ११:०० बजे सम्म पूर्ववत सप्तरी जिल्लाभर निरन्तरता दिने निर्णय गरीयो ।

## जिल्ला प्रशासन कार्यालयबाट विभिन्न मितिमा प्रकाशन गरीएका सूचनाहरु


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजविराज

फोन नं.: ०३१-५२०८३२, ०३१-५२०१७४
फ्याक्स: ०३१-५२०६२४

प.सं. :- २०७७/७८
च.नं. :-

मिति :- २०७७।०५।०२


**जिल्ला प्रशासन कार्यालय सप्तरीद्वारा जारी गरिएको निषेधाज्ञाको म्याद थप गरिएको सम्बन्धी सूचना**

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) र संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जिल्ला सुरक्षा समितिको मिति २०७७।०४।१९ गतेको निर्णयानुसार राजविराज नगरपालिका लगायत सप्तरी जिल्ला क्षेत्रमा मिति २०७७।०४।२० गते विहान ५:०० बजेबाट मिति २०७७।०४।२६ गते साँझ ५:०० बजे सम्मका लागि जारी निषेधाज्ञा मिति २०७७।०४।२५ को निर्णयबाट थप भई हाल मिति २०७७।०५।०२ गते राति ११:०० बजे सम्म जारी रहेको छ । हाल यस जिल्लामा सक्रिय संक्रमितको संख्या २०० भन्दा बढी रहेको र जिल्लाको विभिन्न स्थानहरुमा संक्रमितको संख्या बढिरहेको देखिएको हुँदा राजनैतिक दल, नागरिक समाज लगायतको जिल्ला संकट व्यवस्थापन केन्द्रको मिति २०७७।०५।०२ को संयुक्त बैठकबाट भएको सिफारिसको आधारमा माथि उल्लेखित ऐनहरुले दिएको अधिकार प्रयोग गरी जिल्ला सुरक्षा समितिको मिति २०७७।०५।०२ को बैठकको निर्णयानुसार मिति २०७७।०५।०२ सम्म लागू रहेको निषेधाज्ञालाई सप्तरी जिल्लाको सम्पूर्ण क्षेत्रभरी मिति २०७७।०५।१५ राति ११:०० बजे सम्मका लागि निरन्तरता दिइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । निषेधाज्ञा कार्यान्वयन लगायत सम्बन्धी अन्य सम्पूर्ण व्यहोरा यस कार्यालयद्वारा मिति २०७७।०४।१९ गतेमा प्रकाशित निषेधाज्ञा सम्बन्धी सूचनामा उल्लेख भए बमोजिम यथावत कायम रहेको जानकारी समेत गराइन्छ ।

निषेधाज्ञा कार्यान्वयनमा दिनु भएको साथ र सहयोगका लागि सम्पूर्ण सप्तरीबासीमा धन्यवाद प्रकट गर्दै आगामी दिनमा कुनै पनि धर्मको कुनै पनि चाडपर्व मनाउँदा यस निषेधाज्ञाको बर्खिलाप नहुने गरी आ-आफ्नो घरमै सुरक्षित साथ मात्र त्यस्ता चाडपर्व मनाउन हुन समेत अनुरोध छ ।

शंकरहरि आचार्य
प्रमुख जिल्ला अधिकारी




नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
राजविराज, सप्तरी

फोन: ०३१-५२०८३२, ०३१-५२०१७४
फ्याक्स: ०३१-५२०६२४


प.सं. :२०७७/०७८ (प्रशा.)
च.नं.

मिति :- २०७७/०४/०७

**जिल्ला प्रशासन कार्यालय, सप्तरीद्वारा जारी गरिएको निषेधाज्ञा ।**

विश्वका धेरै मुलुकहरुमा माहामारीको रूपमा विस्तार भईरहेको नोभेल कोरोना भाईरस (COVID-19) को संक्रमणवाट सप्तरी जिल्लामा हाल सम्म ४०४ जनामा संक्रमण देखिएको र संक्रमित मध्ये राजविराज नगरपालिकामा १ जनाको मृत्यू समेत भईसकेको परिप्रेक्ष्यमा सजगता अपनाउन, संक्रमणको विस्तारलाई रोक्न तथा सचेतनामूलक र प्रवन्धनात्मक कार्यहरू गर्न जरूरी छ । सोही सन्दर्भमा कोभिड-१९ को संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रण र यसको संक्रमण फैलिन नदिन तथा यसबाट प्रतिकूल प्रभाव पर्न सक्ने कुनै किसिमको गतिविधि हुन/गर्न नदिन नेपाल राजपत्रमा तोकिएको अत्यावश्यक सेवाहरू जस्तै: औषधि पसल, खाद्यान्न, फलफुल तथा तरकारी, अस्पताल तथा स्वास्थ्य केन्द्र संचालन सम्बन्धी सेवा, मालसामान ओसारपसार गर्ने तथा निर्माण कार्यमा प्रयोग हुने ढुवानीका यातायात, सरकारी छापाखाना, संचार सेवा, बैंकिङ्ग सेवा, आन्तरिक सुरक्षा कार्य, खानेपानी संचालन तथा वितरण, पेट्रोलियम पदार्थको ढुवानी भण्डार र वितरण, फोहोरमैला संकलन तथा ढुवानी, विद्युतीय सेवा, कृषिजन्य कार्य तथा कृषि तथा पशुजन्य उत्पादन, ढुवानीमा प्रयोग हुने साधन वर्कशप जस्ता अत्यावश्यक सेवाहरू बाहेकका अन्य सेवा/स्थलहरू अनावश्यक आवत जावत, हिंडडुल मिति २०७७/०४/०८ गते विहान ५ बजे देखि अर्को आदेश नभए सम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) र संक्रामक रोग ऐन २०२० को दफा २ बमोजिम राजविराज नगरपालिका भरी नगर्न/नगराउन हुन जिल्ला सुरक्षा समितिको मिति २०७७/०४/०७ गतेको निर्णय बमोजिम यो निषेधाज्ञा जारी गरिएको छ । उक्त आदेशको उल्लंघन गर्ने ब्यक्तिलाई कानून बमोजिम कारवाही गरिने ब्यहोरा समेत सूचित गरिन्छ । साथै माथि उल्लेखित अत्यावश्यक सेवा अन्तर्गतका कार्यहरू समेत तोकिए बमोजिमका स्वास्थ्य सुरक्षा सतर्कता सम्बन्धी मापदण्डहरूको पूर्ण पालना हुने गरी मात्र गर्न/गराउनु हुन, अन्यथा प्रचलित ऐन, नियम, कानून बमोजिम कारवाही भई जाने ब्यहोरा समेत जानकारी गराइन्छ ।

शंकरहरि आचार्य
प्रमुख जिल्ला अधिकारी


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजविराज

फोन नं.: ०३१-५२०१७४
फ्याक्स: ०३१-५२०६२४


प.सं. :- ०७६/७७
च.नं. :-

मिति २०७७।०३।०१

**सवारी पास सम्बन्धी अत्यन्त जरुरी सूचना**

नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट मिति २०७७।०२।२८ मा भएको निर्णय अनुसार जिल्ला भित्र जोर विजोर प्रणालीमा निजी सवारी साधन (मोटरसाइकलमा एक जना मात्र र अन्यमा चालक बाहेक २ जना) संचालनको व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैमा अवगत नै छ । सो व्यवस्था लागू भए पश्चात पनि यस अघि जारी गरिएका सवारी पास देखाई कतिपय निजी दुईपांग्रे र चारपांग्रे सवारी साधनहरु नियमित संचालन भइरहेको भन्ने बुझिन आएकोले यस जिल्ला प्रशासन कार्यालय, सप्तरीबाट जिल्ला भित्र संचालन हुने गरी यस अघि जारी गरिएका सम्पूर्ण सवारी पासहरु मिति २०७७/०३/०२ गतेबाट लागू हुने गरी खारेज गरिएको व्यहोरा नेपाल सरकार, गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको मिति २०७७/०३/०१, च.नं. ४२०० को पत्रानुसार सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

आनन्द कुमार ठाकुर
प्रशासकीय अधिकृत


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी राजविराज

प.सं. :- ०७७/७८
च.नं. :-

**मास्क नलगाउने विरुद्ध कारवाही गरिने सम्बन्धी अत्यन्त जरुरी सूचना**

कोभिड- १९ रोगको नियन्त्रण, रोकथाम तथा प्रतिकार्यका सम्बन्धमा निश्चित शर्त र मापदण्डका आधारमा केही सेवा र गतिविधिहरु खुला गर्ने, सोको समन्वय, सहजीकरण गर्ने विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) को विभिन्न मितिमा विभिन्न निर्णयहरु भएका छन् ।

त्यस्ता मापदण्ड तथा शर्त बन्देजहरु पालना नगर्ने, सामाजिक दुरी कायम नगरी भीडभाड गर्ने, स्वास्थ्य सम्बन्धी मापदण्ड उल्लंघन गर्ने र बिना मास्क घर बाहिर हिडडुल गर्ने प्रवृत्तिलाई नियन्त्रण गरी संक्रमणको जोखिम घटाउन सकिन्छ ।

यसर्थ सेनिटाइजर प्रयोग गर्ने, पटक पटक साबुन पानीले हात धुने, कुनै पनि सार्वजनिक स्थल, कार्यालय तथा पसल वा हाटबजारमा जाँदा वा सार्वजनिक सवारी साधनहरुमा यात्रा गर्दा अनिवार्य रूपमा मास्क प्रयोग गर्ने जस्ता कुराहरु अनिवार्य रुपमा पालन गर्न गराउन सबै सर्वसाधारण तथा सेवा प्रदायक निकाय वा संस्थाहरुलाई समेत सूचित गरिन्छ । यो सूचनाको बर्खिलाप गरी उक्त सजगताका उपायहरु नअपनाउने तथा मास्कको प्रयोग नगरी अटेरी गर्नेहरुलाई संक्रामक रोग ऐन २०२० बमोजिम कडा कारवाही गरिने ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
राजविराज, सप्तरी

प.सं. :-२०७७/०७८ (प्रशासन)
च.नं.:-

फोन नं. ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स : ०३१-५२०६२४

मिति :- २०७७।०४।१६

विषय :- चाडपर्व मनाउँदा सतर्कता अपनाउने सम्बन्धी सूचना

हाल विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संक्रमणको सन्दर्भमा २०७७ साल साउन १७ गतेको बकरइद तथा साउन १९ गतेको जनै पूर्णिमा (रक्षाबन्धन) जस्ता पर्वहरु मनाउँदा अनावश्यक तामझाम तथा भिडभाड नगर्न, सामाजिक दुरी कायम गर्न, अनावश्यक रुपमा घर बाहिर ननिस्कन र अत्यावश्यक काममा घर बाहिर निस्कँदै परेमा मास्कको प्रयोग अनिवार्य रुपमा गरी कोरोना भाइरस (कोभिड-१९) संक्रमणको जोखिम नियन्त्रण र रोकथामका उपाय अवलम्बन गरी चाडपर्व मनाउनु हुन सर्वसाधारणको जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय, सप्तरी

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
राजविराज, सप्तरी

प.सं. :- २०७६/०७७
च.नं. :-

फोन : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स : ०३१-५२०६२४

मिति :- २०७७/०२/३२

**सेवा प्रवाह सम्बन्धी अत्यन्त जरूरी सूचना ।**

यस कार्यालयले २०७७ असार १ गतेदेखि दुई सिफ्टमा नियमित सेवा संचालन गर्न लागिएको व्यहोरा सहर्ष जानकारी गराईन्छ । कोभिड-१९ का कारण करिब तीन महिनाको लकडाउन पश्चात यस कार्यालयबाट सेवाको पर्खाइमा हजारौं सेवाग्राहीहरू हुनुहुन्छ भन्ने यस कार्यालयलाई अनुमान छ । सेवा प्राप्तिको लागि एकैपटक सयौं सेवाग्राही आउन सक्ने र निश्चित समयमा सेवाग्राहीको उच्च चाप बढ्न सक्ने भएकोले सेवा प्रवाह थप चुनौतीपूर्ण बन्ने सम्भावना देखिन्छ । तसर्थ, सेवाग्राही र कार्यालय दुवैलाई सहज होस् र अनावश्यक भीड नभई सामाजिक दूरी समेत कायम गर्दै सेवा दिन सकियोस् भन्ने हेतुका साथ यस कार्यालयले निम्नानुसारको योजना बनाएको छ । सोही बमोजिम सेवा लिन आउनु हुन सम्पूर्ण सेवाग्राहीमा विनम्र अनुरोध छ ।

१. कार्यालयबाट हाललाई असार २१ गते सम्म दुई सिफ्टमा सेवा प्रवाह गरिनेछ । पहिलो सिफ्ट ८ बजेदेखि दिनको १ बजे सम्म र दोश्रो सिफ्ट दिनको १ बजे देखि साँझ ६ बजे सम्म हुनेछ ।
२. अनावश्यक भीडभाड कम गर्न पहिलो सिफ्टमा नयाँ नागरिकता, अभिलेख, राहदानी र दोश्रो सिफ्टमा नागरिकता प्रतिलिपी, अभिलेख, मुद्दा (ठाडो उजूरी समेत), लेखा र प्रशासन (सवारी पास समेत) शाखाको कार्य संचालन गरिनेछ ।
३. कार्यालयमा व्यवस्था भए अनुरूप साबुनपानीले हात धोएर मात्र प्रवेश गर्नुपर्नेछ ।
४. सेवाग्राहीले अनिवार्य रुपमा मास्क लगाउनु पर्ने, सामाजिक दूरीको पूर्ण ख्याल गर्नुपर्ने लगायतका स्वास्थ्य सम्बन्धी प्रोटोकलको पूर्ण पालना गर्नु पर्नेछ ।
५. अशक्त, वृद्धवृद्धालाई तथा कामको प्रकृतिअनुसार अत्यावश्यक देखिएको अवस्थामा सेवा प्रवाहको क्रममा प्राथमिकता दिइनेछ ।
६. सेवा प्रवाहलाई व्यवस्थित गर्न आवश्यकता र औचित्यका आधारमा सिमित संख्यामा मात्र सिफारिसहरू दिन वडा कार्यालयहरुलाई अनुरोध गरिन्छ ।
७. कार्यालयमा देखिने भिडभाडको आधारमा कोटा प्रणाली/टोकन प्रणाली समेत लागु गर्न सकिनेछ ।
८. कार्यालय संचालन भएपछिको अनुभवको आधारमा आवश्यकतानुसार माथि उल्लेखित प्रावधानहरुलाई पुन:थप परिमार्जन गर्न सकिनेछ ।

**आउनुहोस् तपाई हामी मिलेर कोरोना भाइरसको जोखिम न्यूनीकरण गर्दै सहज, सरल र व्यवस्थित सेवा प्रवाहको सुरुवात गरौं ।**

जयकुमार घिमिरे
सहायक प्रमुख जिल्ला अधिकारी

web: www.daosaptari.moha.gov.np email:daosaptari1@gmail.com

## हालसम्म राहत वितरणको अवस्था(मिति २०७७।०१।२१ सम्मको विवरण)

| क्र.सं. | स्थानीय तहको नाम | राहत वितरण घरपरिवार संख्या | क्र.सं. | स्थानीय तहको नाम | राहत वितरण घरपरिवार संख्या |
|---|---|---|---|---|---|
| १ | राजविराज | ९१४१ | १० | अग्नीसाईर कृष्णासवरण | २८१३ |
| २ | कंचनरुप | ५९९३ | ११ | छिन्नमस्ता | ० |
| ३ | डाक्नेशवरी | १८६९ | १२ | महादेवा | २१४० |
| ४ | बोदेबर्साईन | २२७० | १३ | सप्तकोशी | १९०४ |
| ५ | खडक | ४३७७ | १४ | तिलाठी कोइलाडी | ५२८१ |
| ६ | शम्भुनाथ | ७२०२ | १५ | रुपनी | २२१० |
| ७ | राजगढ | ३६१० | १६ | विष्णुपुर | ११३० |
| ८ | सुरुङ्गा | ३५९६ | १७ | बलान बिहुल | ० |
| ९ | हनुमाननगर | ३९५१ | १८ | तिरहुत | २७३५ |

## जिल्ला विपद् व्यवस्थापन समितिका महत्वपूर्ण निर्णयहरू

### मिति २०७७।०२।२७ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिका निर्णयहरु :

१ विश्वव्यापी रुपमा फैलिएको COVID-19 महामारीले नेपालमा समेत प्रभाव परेको छ । यसबाट सप्तरी जिल्लामा पनि दिन प्रतिदिन कोरोना पोजेटिभको संख्या १०६ पुगिसकेको छ । यस सन्दर्भमा गजेन्द्र नारायण सिंह अस्पताल र स्वास्थ्य कार्यालयका प्रमुखज्यूबाट प्रस्तुत गरिएको जिल्लाको वस्तुस्थितिको बारेमा बैठकमा जानकारी भयो ।

| | |
|---|---|
| २ | नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७७।०२।२० मा स्वीकृत भई गजेन्द्र नारायण सिंह अस्पतालमा प्राप्त कोभिड-१९ संक्रमितको आइसोलेसन व्यवस्थापन सम्बन्धि निर्देशिकाको सम्बन्धमा बैठकमा जानकारी भयो । उक्त निर्देशिकामा उल्लेखित विवरण अनुसार आइसोलेसनबाट छुट्ने सम्बन्धमा उल्लेखित प्रक्रिया पुरा गरी आइसोलेसनमा रहेका व्यक्तिहरुलाई तोकिए बमोजिमको शर्तमा होम आइसोलेशनमा पठाउने गरी गजेन्द्र नारायण सिंह अस्पतालले Discharge गर्ने निर्णय भयो । |
| ३ | अस्पतालबाट Discharge भई घर पठाइएका व्यक्तिहरुको नाम, ठेगाना सहितको विवरण सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउने । Discharge भएका व्यक्तिहरुमा कुनै स्वास्थ्य सम्बन्धी समस्या देखिएमा सम्बन्धित स्थानीय तहले अस्पतालसँग सम्पर्क राखी उपचारका लागि पठाउने निर्णय भयो । |
| ४ | आगामी मनसुनलाई ध्यानमा राखी प्रत्येक स्थानीय तहहरुले मनसुन अपतकालिन प्रतिकार्य योजना बनाई अगाडि बढ्ने निर्णय भयो । |
| ५ | प्रत्येक स्थानीय तहहरुले मनसुनको समयमा बाढी आई डुबान हुन सक्ने क्षेत्रहरुको पहिचान गरी उक्त क्षेत्रका बासिन्दाहरुलाई उद्दार गरी राख्न सकिने आश्रयस्थल (Evacuation center) को पहिचान गर्ने, डुबानले असर नपर्ने उच्च स्थलको पहिचान गर्ने बाढीले डुबान हुन सक्ने सम्भावित अवस्थाको बारेमा स्थानीय एफ.एम., पत्रपत्रिका तथा स्वयमसेवक संस्थाहरुबाट जनचेतना जगाउने । सम्भावित जोखिमबाट बच्न नजिकको आश्रयस्थलमा जानको लागि अपिल गर्ने । |
| ६ | स्थानीयतहले आ-आफ्नो निकायमा रहेको विपद्को समयमा प्रयोग जेसिभी, डोजर, एम्बुलेन्स, दमकल लगायतका अन्य उपकरणहरु समय समयमा परीक्षण गरी चालु अवस्थामा राख्ने । स्थानीय तह लगायत सम्पूर्ण निकायहरुमा रहेका खोज तथा उद्धार सामग्रीहरुको विवरण तीन (३) दिन भित्र जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउने । |
| ७ | कुनै पनि स्थानीय तहको वडा लगायत जुनसुकै समुदायमा विपद्का घटना घट्न सक्ने सम्भावना देखिएका वा घटना घटिसकेको अवस्थामा स्थानीय प्रहरीलाई जानकारी गराउने । उक्त अवस्थाको जानकारी जिल्ला प्रशासन कार्यालय लगायत नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई गराई तत्काल उद्धारको व्यवस्था मिलाउने । |
| ८ | आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. २ बाट आगामी मनसुनलाई लक्षित गरी रबरबोट खरिद गर्नका लागि विनियोजन भै आएको रु. ५ (पाँच) लाख नेपाल प्रहरीलाई रबरवोट खरिदका लागि पेश्कीको रुपमा जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराउने । सो रकमबाट नियमानुसार नेपाल प्रहरीले खरिदका आवश्यक प्रक्रिया पुरा गरी रबरवोट खरिद गर्ने र जिल्ला प्रशासन कार्यालयमा सोको बिल भरपाई पठाई पेश्की फर्छ्यौट गर्ने । |
| ९ | विद्यमान स्वास्थ्य सम्बन्धी प्रोटोकल बमोजिम क्वारेन्टाइनमा १४ (चौध) दिन पूरा गरी RDT जाँचबाट निगेटिभ रिपोर्ट आएकाहरुलाई तोकिएका शर्तहरु पालना गर्ने गराउने गरी थप अवधिका लागि होम क्वारेन्टाइनमा पठाउने गरि हाल भइरहेको COVID-19 संक्रमण रोकथाम, व्यवस्थापन कार्यलाई निरन्तरता दिने । |

१० होम आइसोलेशन र होम क्वारेन्टाइनमा पठाइएका व्यक्तिहरुले तोकिए बमोजिमको शर्तहरु पालना गर्ने गरेको नगरेको सम्बन्धमा जिल्ला संकट व्यवस्थापन केन्द्रको मिति २०७७।०२।२६ गतेको निर्णयानुसार गठित समितिलाई प्रत्येक स्थानीय तहहरुले प्रभावकारी रुपमा परिचालित गर्दै आवश्यक सहयोग समन्वय उपलब्ध गराउने ।

११ COVID-19 संक्रमितको बढ्दो संख्यालाई मध्यनजर राख्दा पालिका स्तरमै पनि संक्रमणका लक्षण नदेखिएका संक्रमित व्यक्तिहरुलाई तथा लक्षण देखिएका संक्रमित व्यक्तिहरुलाई आइसोलेशनमा राख्नुपर्ने बाध्यात्मक अवस्था आइपर्न सक्ने सम्भावनालाई मध्य नजर राख्दै प्रत्येक स्थानीय तहले आफ्नो पालिका क्षेत्रमा आइसोलेशन संचालनका लागि उपयुक्त स्थानको पहिचान गरी आवश्यकतानुसार त्यस्ता स्थानहरुमा न्यूनतम पूर्वाधार खडा गर्ने तर्फ आवश्यक कार्यारम्भ गर्ने/गराउने निर्णय गरियो । यस कार्यका लागि आवश्यक प्राविधिक सल्लाह सुझाव गजेन्द्र नारायण सिंह अस्पतालले उपलब्ध गराउने निर्णय गरियो ।

१२ आगामी मनसुन अवधिमा आउन सक्ने बाढी लगायतका विपद्को पूर्व तयारीका लागि स्थानीय तह, विकास निर्माण लगायतकासँग सम्बन्धित सरकारी एवं अन्य कार्यालयहरुले गर्नुगराउनु पर्ने गरी भएका जिल्ला / भावकारी रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।विपद् व्यवस्थापन समितिका विगतका निर्णयहरु प्र

१३ जिल्लामा भएका सरकारी निकाय लगायत UN Agency तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघ संस्थाहरुले वर्तमान COVID-19 संक्रमण रोकथाम एवं नियन्त्रण तथा आगामी मनसुन अवधिमा आउन सक्ने सम्भावित विपद् समेतका लागि आवश्यक पर्ने सहयोग तत्काल उपलब्ध गराउन सक्ने गरी तयारी हालतमा बस्ने निर्णय गरियो ।

१४ लामो समय देखिको लकडाउनका कारण जिल्लास्थित उद्योगी, व्यापारी लगायत आम सर्वसाधारण निकै धेरै मारमा परेको र देशका विभिन्न भागहरुमा क्रमश: लकडाउन खुकुलो पारिएको जस्ता कारणहरु दर्शाइ निश्चित स्वास्थ्य सतर्कता एवं मापदण्ड अनुसार यस जिल्लामा पनि उद्योग व्यापार, व्यवसाय संचालन गर्ने अनुमतिका लागि सप्तरी उद्योग वाणिज्य संघ लगायत सरोकारवालाहरुबाट बारम्बार अनुरोध भई आएको सन्दर्भमा आवश्यक निर्णयका लागि श्री गृह मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

## मिति २०७७।०३।०२ गते बसेको जिल्ला विपद् तथा विकाससँग सम्बन्धी सरोकारवालाहरुको संयुक्त बैठकका निर्णयहरु :

### निर्णय नं. १

जिल्ला स्थित विकास निर्माणसँग सम्बन्धित कार्यालयहरुद्वारा चालु आर्थिक वर्षमा संचालित योजनाहरु/विकास निर्माणसँग सम्बन्धित कार्यक्रमहरुको यस बैठक मार्फत सहभागी सबैमा संक्षिप्त जानकारी भयो ।

### निर्णय नं. २

आर्थिक वर्ष सम्पन्न हुनै लागेको हुँदा सम्बन्धित कार्यालयहरु अन्तर्गतका योजनाहरु समयमै सम्पन्न गर्ने तर्फ सजगता अपनाउँदै आगामी मनसुनजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने र खोज तथा उद्धार

कार्यहरुमा सहयोग पुग्ने खालका योजना÷कार्यक्रमहरुलाई तिव्र रुपमा संचालन/समापन गर्न सम्बन्धित कार्यालयहरुले विशेष रुपमा ध्यान पुऱ्याउने ।

**निर्णय नं. ३**

निर्णय नं. २ कार्यान्वयन गर्ने/गराउने सन्दर्भमा कुनै बाधा÷समस्या उत्पन्न भएमा सम्बन्धित निकायहरुसँग समन्वय गरी सम्बन्धित कार्यालयले तत्काल समस्या समाधान गर्न पहल गरी निर्माण कार्य सुचारु गर्ने गराउने ।

**निर्णय नं. ४**

मनसुनजन्य विपद्का समयमा खोज तथा उद्धार कार्यमा प्रयोग हुन सक्ने डोजर, एक्साभेटर जस्ता हेभी इक्वीपमेन्ट र अन्य उपकरण/औजार चालु हालतमा तयारी अवस्थामा राख्नुका साथै नदी कटान जस्ता समयमा आवश्यक हुने सामग्रीहरु (जस्तैः- प्लास्टिक बोरा, ग्याबियन जाली आदि) समेत सम्बन्धित कार्यालयहरुले सम्भावित आवश्यकताको औचित्यपूर्ण पूर्वानुमान गरी आवश्यक भएका बखत उपलब्ध हुन सक्ने गरी उपयुक्त व्यवस्था मिलाउने ।

**निर्णय नं. ५**

विशेषतः नदी नियन्त्रण र सिँचाईसँग सम्बन्धित कार्यालयहरुले आफ्नो क्षेत्राधिकार भित्र पर्ने नदी खोलाहरुको जोखिमयुक्त स्थान (बाढीका दृष्टिकोणले) को पहिचान गरी जोखिम न्यूनीकरणका लागि समयमै आवश्यक पहल गर्ने ।

**निर्णय नं. ६**

निर्णय नं. ४ र ५ कार्यान्वयन गर्ने सन्दर्भमा सम्बन्धित कार्यालयहरुसँग श्रोत/साधनको अभाव रहेको भए यस अघि भएका जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार सम्बन्धित कार्यालयले माथिल्लो ताल्लुक निकायसँग समन्वय गरी व्यवस्था मिलाउने ।

**निर्णय नं. ७**

कार्यालयहरुमा रहेका निर्णय नं. ४ बमोजिमका सामग्रीहरुको विवरण र संख्या (डोजर, एक्साभेटर जस्ताको हकमा चालकको नाम, ठेगाना र सम्पर्क नं. समेत) तीन दिन भित्र जिल्ला प्रशासन कार्यालय, सप्तरीलाई उपलब्ध गराउने ।

**२०७७ बैषाख देखी २०७७ साउन १ गते सम्म भएका बिपद्का घट्ना र त्यसबाट भएको क्षतिको बिवरण तलको तालीकामा प्रस्तुत गरीएको छ ।**

| क.सं. | विपद् घटना | प्रभावित घरधुरी | | | मानवीय क्षतिको विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुर्ण | आंशिक | जम्मा | मृत्यु | घाइते | बेपत्ता | |
| १ | बाढी | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| २ | आगलागी | 3 | 5 | 8 | 0 | 0 | 0 | |
| ३ | चट्यांग | 0 | 0 | 0 | 5 | 9 | 0 | |
| ४ | हावाहुरी | 1 | 1 | 2 | 0 | 1 | 0 | |
| ५ | भारी वर्षा | 3 | 2 | 5 | 0 | 0 | 0 | |

| क्र.सं. | विपद् घटना | प्रभावित घरधुरी | | | मानवीय क्षतिको विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुर्ण | आंशिक | जम्मा | मृत्यु | घाइते | बेपत्ता | |
| ६ | जंगली जनावर आतंक | 0 | 13 | 13 | 1 | 2 | 0 | |
| ७ | सर्प दंश | 0 | 0 | | 2 | 1 | 0 | |
| ८ | करेन्ट लाग्नु | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ९ | सवारी दुर्घटना | 0 | 0 | 0 | 6 | 2 | 0 | |
| | **जम्मा** | **7** | **21** | **28** | **14** | **15** | **0** | |

श्रोत : जिल्ला आपतकालीन कार्य संचालन केन्द्र, सप्तरी ।

## जिल्ला स्तरीय CCMC का बैठक र सोका निर्णयहरुः

### मिति२०७७/०३/०२

- PCR मेसिन उपलब्ध गराइ दिन र सोका लागि आवश्यक जनशक्ति समेत व्यवस्थापन/उपलब्ध गराई दिन सामाजिक विकास मन्त्रालय प्रदेश नं. २ सरकारलाई अनुरोध गर्ने ।
- कोभिड १९ संकट व्यवस्थापन केन्द्र छाउनीको मिति २०७७।०२।३० च.नं. ६४ को पत्रमा उल्लेख भए बमोजिमको निर्देशन कार्यान्वयन गर्ने ।

### मिति२०७७/०३/०५

- नेपाली सेनालाई आइसोलेशन क्षमताको अभिवृद्धि गर्न प्रदेश नं. २ सामाजिक विकास मन्त्रालयलाई रु. ५,००,००० (पाँच लाख) बजेट थप आवश्यक भएकोले सो उपलब्ध गराउन अनुरोध गर्ने ।
- क्वारेन्टिनमा रहेका सुत्केरी महिला तथा बालबालिकाहरुका लागि आधारभूत स्वास्थ्य साम्रगी तथा स्वच्छ पिउने पानीको रहे नरहेको अनुगमन गरी सो तर्फ सजग रहन सम्बन्धितलाई निर्देशन दिने ।
- यस बाहेक मिति मिति २०७७।०३।२०, २०७७।०३।२२ तथा २०७७।०३।३१ गतेका बैठकहरुमा कोभिड-१९ रोग रोकथाम र नियन्त्रणसँग सम्बन्धित विभिन्न निर्णयहरु गरिएको ।
- प्रत्येक बैठकका निर्णयहरु CCMC, गृह मन्त्रालयका सम्बन्धित शाखाहरु, प्रदेश सरकारका सामाजिक विकास मन्त्रालय तथा आन्तरिक मामिला तथा कानून मन्त्रालय आदि निकायमा सोही दिन पठाउने गरिएको र हरेक निर्णयहरु अक्षरश कार्यान्वयन गर्न सजग रही समय समयमा अनुगमन गर्ने गरिएको ।

## सप्तरी जिल्लास्थित स्थानीय तहका प्रमुख/अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य संयोजकहरुको विवरण

| क्र. सं. | स्थानीय तहको नाम | प्रमुख/अध्यक्षको नाम | सम्पर्क नं. | प्र.प्रशासकीयअधिकृतको नाम | सम्पर्क नं. | स्वास्थ्यसंयोजकको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|
| 1 | राजविराज नगरपालिका | शम्भुप्रसाद यादव | ९८५२८२१०४४ | मदनकुमार थापा | ९८५२८४२१११ | हरिवंश यादव | 9816713278 |
| 2 | कञ्चनरुपनगर पालिका | वसन्तकुमार | ९८६२८१४८६१ | पुरुषोत्तम ढकाल | ९८५२८४४१११ | डम्वर प्रसाद गुप्ता | ९८५११२२३०० |
| 3 | डाक्नेश्वरीनगर पालिका | शिव नारायण साह | ९८५२८२१५५६ | बसन्त कुमार दास | 9852822665 | शिव शंकर ठाकुर | 9804703142 |
| 4 | बोदेबरसाईनन गरपालिका | आतेशकुमार सिंह यादव | ९८१९९१२६०० | घनश्याम यादव | ९८५२८२२००३ | वैजनाथ साह | ९८०४८१४५६० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 5 | खडकनगरपालिका | हेमायुहक | ९८११७६७७३० | इन्द्र देव यादव | 9852854054 | बिरेन्द्र कुमार दास | ९८५८२०९१७ |
| 6 | शम्भुनाथनगरपालिका | योगेन्द्रप्रसाद चौधरी | ९८०३४८५४५८ | महेशकुमार यादव | ९८५२८४३१११ | रामनारायण देव | 9827729551 |
| 7 | सुरुङ्गानगरपालिका | मुक्तिनाथचौधरी | 9852821422 | सुरेशदाहाल | 9852821980 | आनन्द प्रसाद चौधरी | ९८०४७५४९९९ |
| 8 | हनुमाननगरकङ्कालिनी न.पा. | शैलेशकुमार शाह | ९८०१०८९१२३ | सुरेन्द्र कुमार यादव | ९८५२८४६१११ | रामकुमार यादव | ९८६२८१०८७२ |
| 9 | ससकोशीनगरपालिका | उत्तमकुमार शर्मा | 9842831692 | ललनकुमार कर्ण | 9852845111 | नागेश्वर महतो | 9816793279 |
| 10 | अग्निसाइरकृष्णासरवन गा.पा. | पर्शुरामचौधरी | 9804760844 | धिरेन्द्र कुमार यादव | 9825717554 | जगेशवोर पर्साद खड्गा | ९८४२८८९८४३ |
| 11 | छिन्नमस्ता गाउँपालिका | सूर्यनारायणमण्डल | ९८१९९५९६१४ | खेमराजथापा | 9852821567 | मदनेश्वरचौधरी | 9804747061 |
| 12 | महादेवागाउँपालिका | दिपककुमार यादव | ९८४२८५२५९६ | रामलखनयादव | ९८१४७४७५१४ | वृहस्पतिराम | ९८२४७२०७४१ |
| 13 | तिरहुतगाउँपालिका | हेमन्तकुमार बहडखेर | ९८५२८२१०७६ | निरजकुमार देव | ९८५२०२९७६२ | राजेन्द्र प्रसाद सुनरैत | ९८१७७११९४३ |
| 14 | तिलाठीकोईलाडी गा.पा. | सतिश कुमार सिंह | ९८५२८२१८४५ | राजुकुमार झा | ९८०४७३३२७० | शैलेशकुमार मिश्र | ९८४२८२००६७ |
| 15 | रुपनीगा.पा. | हरेराम यादव | ९८५२८२१०३४ | ललन कुमार यादव | ९८५२८२२१२३ | योगेन्द्र महासेठ | ९८५२८६०८८८ |
| 16 | राजगढगाउँपालिका | परमानन्दयादव | ९८२४७३७३९२ | रमेशप्रसाद यादव | 9852823211 | रामचन्द्र यादव | ९८०४७०८२५१ |
| 17 | बिष्णुपुरगाउँपालिका | लिलाम्बरयादव | ९८२४७६७८३० | रंजितजंग अधिकारी | ९८५२८२२५०० | ध्रुव नारायण देव | ९८०४००५६४९ |
| 18 | बलान-बिहुलगाउँपालिका | नाम दयानन्द गोइत | 9852821528 | रामसुन्दर थापा | 9852660606 | मो नसिम राईन | ९८१७७७१४०८ |

## जिल्लामा संचालित एम्बुलेन्सहरुको विवरण:

| क्र.सं. | जिल्ला | चालकको | | एम्बुलेन्सको धनी (निकाय) |
|---|---|---|---|---|
| | | नामथर | फोन नं. | |
| १ | ससरी | मो.जवाहिर | 9816727150 | गलोवल बहुउदेश्यि सहकारी संस्था |
| २ | ससरी | | 9852820017, 031522829 | सर्वेदय संहकारी औषधी लि. |
| ३ | ससरी | दिनेश सिंह | 9842823363, 9852821290 9841506288 | जे.पि.लेहिया रामेश्वर मेमोरियल ट्रस्ट |
| ४ | ससरी | | 9804786072, 013520518 | अलतकवा संहकारी संस्थ लि. |
| ५ | ससरी | विजय कुमार देव | 9842822261 | राजविराज नगरपालिका |
| ६ | ससरी | जोगेन्द्र भगत | 9842822043 | नेपाल रेडक्रस सोसाइटी |
| ७ | ससरी | | 9804722284, 9841485197 013450228 | समूदायीक स्वास्थ्य हेरचार सहयोग केन्द्र |
| ८ | ससरी | डाविक्रम साह. | 9840018467 | प्रा.स्वा.केन्द्र कल्याणपूर |
| ९ | ससरी | सूधिर कर्ण | 9842832777 | प्रा.स्वा.केन्द्र कडरबोना |

| | | | | |
|---|---|---|---|---|
| १० | सप्तरी | महेश कूमार चौधरी | 9815751813 | प्रा.स्वा.केन्द्र कन्चनपूर |
| ११ | सप्तरी | | 031560477, 031560337 | दन्तकालि शस्त्र प्रहरी वल |
| १२ | सप्तरी | | 31520290 | जेपि लोहिया मेमोरीयल ट्रस्ट |
| १३ | सप्तरी | प्रदिप यादव | 9807781607 | स्वास्थ्य चौकी वनैनिया |
| १४ | सप्तरी | जय प्रकाश ठाकुर | 9852820007, 9842900177 | यूनिक कलेज |
| १५ | सप्तरी | महेन्द्र यादव | 9804744558 | बोरिया गा.वि.स. |
| १६ | सप्तरी | विद्यानन्द चौधरी | 9814718375 | मानव विकास समाज स्वास्थ्य सेवा |
| १७ | सप्तरी | प्रदिप यादव | 9801549605 | जन ज्योति कृषि सहकारी संस्था लि. |
| १८ | सप्तरी | राज कूमार राउत | 9842841860 | ध्रुव वादूर राउत जन सेवा मेमोरियल ट्रस्ट |
| १९ | सप्तरी | उमेश गोहित मान यादव | 9815367401 | बच्चा लाल गोहित मान स्मृति प्रतिष्ठान |
| २० | सप्तरी | शम्भू वहादूर खडका | 31550144 | त्रियूगा संहकारी संस्था लि. |
| २१ | सप्तरी | राज कुमार चौधरी | 9815784195 | राजम्या विकास स्वास्थ्य सेवा |
| २२ | सप्तरी | मो.मूहमूद | 9801502188 | डा श्री संजय कूमार फाउण्डेशन. |
| २३ | सप्तरी | भोला रमन उप्रेति | 31521751 | गलोवल सहकारी संस्था लि. |
| २४ | सप्तरी | मो.नसिम राइन | 9817771408 | चान्दनि पोलि क्लिनिक प्रा.लि. |
| २५ | सप्तरी | अशोक साह | 9804726097 | सूरक्षा पोली क्लिनिक |
| २६ | सप्तरी | महेश कुमार चौधरी | 9862977820 | सन्नाम कृषि सहकारी संस्था लि. |
| २७ | सप्तरी | हरि यादव | 9805904040 | कूलानन्द झा स्मृति प्रतिष्ठान |
| २८ | सप्तरी | रामदेव चौधरी | 9814775859 | छेैदी पार्वति ट्रस्ट |
| २९ | सप्तरी | राम चन्द्र यादव | 9806640265 | जानकी समूदायिक समिति |
| ३० | सप्तरी | दिनेश झा | 9842822967, 9814779935 | स्वास्थ्य चौकी वनरझुला |
| ३१ | सप्तरी | राम विलास साह | 9804857481 | गलोवल मिसन नेपाल |
| ३२ | सप्तरी | ललन कूमार दास | 9842876286 | पाथिभरा वचत तथा ऋण सहकारी |
| ३३ | सप्तरी | रविन्द्र झा | 9819702002 | वि.पि.विचार समाज |
| ३४ | सप्तरी | कासिन्द्र यादव | 9819953592 | स्वास्थ्य चौकी पत्थरगाडा |
| ३५ | सप्तरी | सुरेन्द्र यादव | 9804727753 | स्वास्थ्य चौकी पातो |
| ३६ | सप्तरी | राजेन्द्र सुनरैत | 9817711943 | स्वास्थ्य चौकी त्रिकौल |
| ३७ | सप्तरी | संजय कुमार यादव | 9801502000 | मा तपेश्वरी फाउण्डेशन |
| ३८ | सप्तरी | मदनेश्वर चौधरी | 9804747061 | छिन्नमस्ता गा.पा. |
| ३९ | सप्तरी | अमरेन्द्र कुमार देव | 9819983476 | तिलाठी कोइलाडी गा.पा. |
| ४० | सप्तरी | ओम प्रकास यादव | 9842889843 | अग्निसाईर कृष्णासवरन गा.पा. |
| ४१ | सप्तरी | वृहस्पति राम | 9819953592 | महादेवा गा.पा. |
| ४२ | सप्तरी | नरेश देव | 9824779294 | जनमूखि वहूमूखि सहकारी संस्था लि. |
| ४३ | सप्तरी | ओम चौधरी | 9816745755 | सतौनि देवी ट्रस्ट |
| ४४ | सप्तरी | महेन्द्र यादव | 9804744558 | यूवा शसक्तिकरण नेपाल |
| ४५ | सप्तरी | फैयाज अंसारी | 9816770555 | मुदि मोहरम |
| ४६ | सप्तरी | महिनरायण यादव | 9842821928 | नव ज्योति सहकारी संस्था |




## हात धुने उत्तम तरिका के हो?

भाइरसका सबै अवशेष नष्ट गर्न सामान्य धोई पखाली पर्याप्त हुँदैन । हात धुने विस्तृत तरिका निम्न छ :

- बगिरहेको पानीमा हात भिजाउने,
- भिजेको हातमा मनग्गे साबुन लगाउने,
- हत्केलाको पछाडि, औंलाको बीच, नङको भित्र लगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग मिच्ने,
- बगिरहेको पानीले राम्ररी हात पखाल्ने,
- सफा कपडा वा एकपटक मात्र प्रयोग गरिने तौलियाले हात सुकाउने ।

## फोटो ग्यालरी




*प्रदेश मुख्यमन्त्रि तथा सामाजिक विकास मन्त्रालयबाट ससरी जिल्लाको कोभिड १९ संक्रमण तथा विपद् व्यवस्थापनको लागि आवश्यक छलफल तथा अनुगमन र थप सुधारका लागि छलफल गर्दै*




*जिल्ला संकट व्यवस्थापन केन्द्रबाट आईसोलेशन केन्दको अनुगमन र थप सुधारका लागि छलफल गर्दै*



*आइसोलेशनको लागी सरसफाई तथा अन्य सामग्री सहयोग*




*कोभिड १९ रोकथामका लागि सेवाग्राहीहरुका लागी हात धुने स्थान जि प्रशासन कार्यालय समरी*

## कोरोना भाइरस रोगको मुख्य लक्षणहरू



ज्वरो आउने (१००.४°F भन्दा माथि)



खोकी लाग्ने



श्वाश फेर्न गाह्रो हुने

यस्ता लक्षणहरू देखा परेमा नजिकको तोकिएको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्नुहोस्।

## नोभल कोरोना भाइरसबाट कसरी आफू र अरुलाई बचाउने?



ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरू व्यक्तिबाट टाढा रहने र मास्कको प्रयोग गर्ने ।



खोक्दा वा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन-पानीले मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाईजर प्रयोग गर्ने




भिडभाडमा नजाने र अरुलाई पनि नजाने सुझाव दिने, हात मिलाउनुको सट्टा नमस्कार गर्ने ।



बेलाबेलामा साबुन-पानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने ।

कोरोना प्रभावित देशबाट आएको व्यक्तिहरूमा माथिका लक्षणहरू देखिए स्वास्थ्य केन्द्रमा तुरून्त जानुपर्दछ । घरैमा बस्दा परिवारका सदस्यहरूबाट १४ दिन सम्म छुट्टै आईसोलेसनमा बस्नु पर्दछ ।





**सामाजिक दुरी कायम गरौ**

**कोरोना भाइरसको संक्रमणबाट आफु पनि बचौ र अरुलाई पनि बचाऔ ।**

## खोक्दा वा हाच्छ्युँ गर्दा नाक र मुख ढाक्नुहोस

खोक्दा वा हाच्छ्युँ गर्दा आफ्नो नाक र मुख ढाक्ने । त्यसपछि तुरून्तै कम्तिमा पनि २० सेकेण्ड सम्म साबुनपानीले मिचिमिची हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने ।




### जनहितमा जारी जनचेतनामूलक सन्देश

आफू सुरक्षित रहौं,
अरुलाई पनि सुरक्षित राखौं ।

**के गर्ने ?**

१ पटक-पटक हात धुनुहोस् । तपाईंको हात फोहोर नदेखिए पनि अल्कोहलमा आधारित ह्यान्डवास वा साबुन पानीले सफा गर्नुहोस् ।

२ कोरोना भाइरस खोक्दा र हाच्छ्युँ गर्दा निस्कने छिट्टाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने हुँदा खोक्दा र हाच्छ्युँ गर्दा आफ्नो नाक, मुख टिस्यु पेपर वा रुमालले ढाक्नुहोस् ।

३ टिस्यु पेपर प्रयोग गर्नासाथ तुरुन्त बन्द भाँडोमा फ्याँक्नुहोस् ।

४ यदि तपाईंलाई ज्वरो, खोकी वा श्वासप्रश्वासमा कठिनाई छ भने तुरुन्त चिकित्सकलाई सम्पर्क गर्नुहोस् । चिकित्सकसँग भेट्दा आफ्नो नाक र मुख ढाक्ने गरी मास्क वा कपडाको प्रयोग गर्नुहोस् ।

५ भिडभाड हुने स्थानमा नजानुहोस् ।

**के नगर्ने ?**

१ यदि तपाईंलाई खोकी, ज्वरोको अनुभव भएमा अरु कसैको नजिक नजानुहोस् ।

२ आफ्नो नाक, मुख र आँखा नछुनुहोस् ।

३ सार्वजनिक स्थानमा नथुक्नुहोस् ।

तपाईं हामी सबै मिलेर कोरोना भाइरसविरुद्ध लड्न सक्छौं ।

**प्रकाशक**

नेपाल सरकार

जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र

जिल्ला प्रशासन कार्यालय सप्तरी

**Email :- daosaptari1@gmail.com**

Website :- www.daosaptari.moha.gov.np